लुम्बिनी प्रदेश सरकार

शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

गुलरिया, बर्दिया

प.सं.:- २०८३-०८४

च.नं.:-१०१

मितिः २०८३/०७/१३

ने.सं.११४६ कौलागा ५ शुक्रबार

विषय : सुचाङ्कित विवरण पठाइएको सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, गुलरिया, बर्दिया।

प्रस्तुत बिषयमा सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ अनुसारको प्रयोजनको लागि यस कार्यालय सँग सम्बन्धित २०८३ असोज महिना सम्मको सुचाङ्कित विवरण यसै पत्रसाथ संग्लन राखी पठाइएको व्यहोरा अनुरोध छ।

बोधार्थ:-

श्री जिल्ला हुलाक कार्यालय, गुलरिया बर्दिया ।

सालिक भुसाल

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार

शहरी विकास,ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

गुलरिया, बर्दिया

सुचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र

सुचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गरेको अवधिः

२०८३ साउन १ गते देखि २०८३ असोज मसान्तसम्म

सूचना सार्वजनिक गर्ने निकायः

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, बर्दिया

मोबाइल नं.: ९८५८०५५१७८ (कार्यालय प्रमुख)

मोबाइल नं.: ९८५८०४००६२ (सूचना अधिकारी)

वेबसाइटः https://wriddobardiya.lumbini.gov.np

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
सतह सिंचाइ विकास डिभिजन कार्यालय
गुलरिया, बर्दिया

१. निकायको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेश सरकारको शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय अन्तर्गत, गुलरिया, बर्दियामा स्थित यस जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले जिल्ला स्तरमा जलस्रोतको व्यवस्थापन, दिगो विकास, संरक्षण एवं उपयोग गर्न, जल उत्पन्न प्रकोप न्युनिकरण एवं व्यवस्थापनबाट हुने क्षतीको न्युनिकरण गर्न, कृषि योग्य जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुर्याउन र किसानहरुको सिँचाइ सम्बन्धी समस्याहरुको न्युनिकरणका निम्ति आवश्यक भौतिक पुर्वाधारको विकास गर्नको लागि विभिन्न तवरबाट प्रयास तथा अध्ययन अनुसन्धान गर्न सदैव तत्पर रही आएको छ। यस कार्यालयले सिँचाइ तर्फ मुख्यतः सतह सिँचाइ, पोखरी तथा जलाशय निर्माण, लिफ्ट सिँचाइहरुको पहिचान, अध्ययन तथा निर्माण, संचालनमा रहेका सिँचाइ प्रणालीहरुको आवश्यकता अनुसार मर्मत संभार, विस्तार वा पुनर्उत्थान गर्ने कार्य गर्दछ भने जल उत्पन्न प्रकोप न्युनिकरणको लागि खोला, नाला, नदीहरुबाट सिर्जित क्षति तथा जोखिम रहेका स्थानमा प्राविधिक अध्ययन गरी आवश्यकतानुसार रोकथामको कार्य गर्ने गर्दछ।

२. निकायको काम, कर्तव्य र अधिकार

- सतह सिँचाइ, लिफ्ट सिँचाइ तथा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास एवम् विस्तार गर्ने।
- सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि निर्मित संरचनाहरुको उचित मर्मत सम्भार गरी दिगो र भरपर्दो बनाउने।
- निर्माण सम्पन्न भई संचालन रहेका मझौला सिँचाइ प्रणालीहरुको दक्षता वृद्धि तथा उपभोक्ताहरुको क्षमता विकास गरी सिँचाइ प्रणालीहरुको पूर्णरुपमा व्यवस्थापन हस्तान्तरण गर्दै जाने।
- बाढी तथा अन्य जलजन्य प्रकोपहरुको व्यवस्थापन तथा न्युनिकरण कार्य गर्ने।
- सिँचाइ तथा जल उत्पन्न प्रकोप व्यवस्थापनका पूर्वाधार सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने।

कार्यालय प्रमुख

जलस्रोत, ऊर्जा, सिंचाई तथा वातावरण मन्त्रालय
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
गुलरिया, बर्दिया

३. निकायमा रहेका कर्मचारी संख्या र कार्य विवरण

स्वीकृत संगठन संरचनाः

डिभिजन प्रमुख
सि.डि.ई.
(अ.नवौं/दशौं, इन्जि./इरि.) - १

प्रशासन शाखा	अनुगमन, मूल्याङ्कन, गुणस्तर नियन्त्रण, संस्थागत विकास तथा तालिम शाखा	योजना डिजाइन तथा कार्यान्वयन शाखा
▸ व.प्र.स./अ. (पाँचौं/अ.छैटौं, प्र./सा.प्र.) - १ ▸ लेखापाल/अ. (पाँचौं/अ.छैटौं, प्र./लेखा) - १ ▸ कम्प्यूटर अपरेटर/क.अ. (पाँचौं/अ.छैटौं, विविध) - १ ▸ ह.स.चा. - १	▸ ई./व.ई. (अ.सातौं/आठौं, इन्जि./इरि.) - २ ▸ सब-ई./प्रा.अ. (पाँचौं/छैटौं, इन्जि./इरि.) - ३ ▸ ए.ओ./प्रा.अ. (स.चौथो/स.पाँचौं, इन्जि./एगृ.इरि.) - १	▸ ई./व.ई. (अ.सातौं/आठौं, इन्जि./इरि.) - १ ▸ सब-ई./प्रा.अ. (स.पाँचौं/छैटौं, इन्जि./इरि.) - २

स्वीकृत/पदपूर्ति दरबन्दी विवरणः

क्र. सं.	पद	सेवा	समूह	उप-समूह	तह/श्रेणी	स्वीकृत	स्थायी	अस्थायी	जम्मा
१	डि.ई./सि.डि.ई.	इन्जि.	सिभिल	इरिगेशन	अधिकृत नवौं/दशौं	१	१		१
२	इन्जिनियर	इन्जि.	सिभिल	इरिगेशन	अधिकृत सातौं/आठौं	३	०		०
३	सहायक/अधिकृत	प्रशासन	सा.प्र.		स.पाँचौं/अ.छैटौं	१	०		०
४	सहायक/अधिकृत	प्रशासन	लेखा		स.पाँचौं/अ.छैटौं	१	१		१
५	प्रा.अ./स.ई.	इन्जि.	सिभिल	इरिगेशन	स.पाँचौं/अ.छैटौं	५	३		३
६	ए.ओ.				स.पाँचौं/अ.छैटौं	१	०		०
७	कम्प्यूटर अपरेटर				स.पाँचौं/अ.छैटौं	१	०	१	१
८	ह.स.चा.				श्रेणी विहिन	१	०	१	१
९	का.स.				श्रेणी विहिन	२	१	१	२
	जम्मा					१६	६	३	९

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
भौतिक विकास, ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
बुलरिया, बर्दिया

हाल कार्यरत कर्मचारीको विवरणः

क्र. सं.	कर्मचारीको नाम	पद	श्रेणी	कैफियत
१	सालिक भुसाल	डिभिजनल इन्जिनियर	अधिकृत नवौं	कार्यालय प्रमुख
२	चक्करी सार्की	प्राविधिक अधिकृत (इरिगेशन)	अधिकृत छैटौं	सूचना अधिकारी
३	हरि प्रसाद अवस्थी	प्राविधिक अधिकृत (इरिगेशन)	अधिकृत छैटौं	
४	ओम प्रकाश यादब	प्राविधिक अधिकृत (इरिगेशन)	अधिकृत छैटौं	(अध्ययन विदामा)
५	जगतराम चौधरी	वरिष्ठ अधिकृत (लेखा)	अधिकृत सातौं	
६	अमृक्चौधरी	कम्प्यूटर अपरेटर	करार सेवा	
७	अक्षय कुमार थारु	ह.स.चा.	करार सेवा	
८	छबिलाल बिष्ट	का.स.	श्रेणी विहिन पाँचौं	
९	बिजय चौधरी	का.स.	करार सेवा	

४. निकायबाट प्रदान गरिने सेवा

सि. नं.	शाखाहरु	प्रदान गरिने सेवाहरु
१	प्रशासन शाखा	सिँचाइ योजना अनुरोध फाराम उपलब्ध गराउने र दर्ता गर्ने; निवेदन दर्ता/सोधपुछ; आर्थिक प्रशासन (लेखा) सम्बन्धी कामहरु गर्ने।
२	अनुगमन, मूल्याङ्कन, गुणस्तर नियन्त्रण, संस्थागत विकास तथा तालिम शाखा	उपभोक्ता संस्था दर्ता/नविकरण गर्ने; योजनाको गुणस्तर अनुगमन तथा मूल्याङ्कन गर्ने; संस्थागत विकास र तालिम सञ्चालन गर्ने।
३	योजना डिजाइन तथा कार्यान्वयन शाखा	सिँचाइ योजनाको विस्तृत अध्ययन गर्ने, योजना निर्माण/सुदृढीकरण गर्ने, सिँचाइ प्रणालीको मर्मत सम्भार गर्ने, नदी नियन्त्रण कार्य गर्ने, योजना सम्बन्धी कामको बिल भुक्तानी गर्ने।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

शाखाहरु	जिम्मेवार अधिकारी	कैफियत
प्रशासन शाखा	शाखा प्रमुख (व.प्र.स./अधिकृत, लेखापाल)	
अनुगमन, मूल्याङ्कन, गुणस्तर नियन्त्रण, संस्थागत विकास तथा तालिम शाखा	शाखा प्रमुख (इञ्जिनियर/सब-इञ्जिनियर)	
योजना डिजाइन तथा कार्यान्वयन शाखा	शाखा प्रमुख (इञ्जिनियर/सब-इञ्जिनियर)	

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
भौतिक विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
गुलरिया, बर्दिया

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सि. नं.	प्रदान गरिने सेवा सुविधाहरु	जिम्मेवार शाखा/अधिकारी	लाग्ने दस्तुर	लाग्ने अवधि	निर्णय गर्ने अधिकारी	गुनासो सुन्ने अधिकारी
१	सिँचाइ योजना अनुरोध फाराम उपलब्ध गराउने	प्रशासन शाखा	निःशुल्क	तत्काल	ए.ओ. (प्राविधिक अ.)	कार्यलय प्रमुख
२	सिँचाइ योजना अनुरोध फाराम दर्ता गर्ने	प्रशासन शाखा	रु. ५० प्रति हेक्टर	सोही दिन	ए.ओ. (प्राविधिक अ.)	कार्यलय प्रमुख
३	सिँचाइ योजनाको विस्तृत अध्ययन गर्ने	योजना डिजाइन तथा कार्यान्वयन शाखा	निःशुल्क	प्राथमिकताका आधारमा निर्धारण हुने	इञ्जिनियर/सब-इञ्जिनियर	कार्यलय प्रमुख
४	उपभोक्ता संस्था दर्ता/नविकरण गर्ने	अनुगमन, मूल्याङ्कन, गुणस्तर नियन्त्रण, संस्थागत विकास तथा तालिम शाखा	रु. १००	सात दिन/सोही दिन	ए.ओ. (प्राविधिक अ.)	कार्यलय प्रमुख
५	सिँचाइ योजना निर्माण/सुदृढीकरण गर्ने	योजना डिजाइन तथा कार्यान्वयन शाखा	योजनाको कुल लागतको ०.५% ले हुन आउने रकम धरौटी	खरिद गुरुयोजना/वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम	इञ्जिनियर/सब-इञ्जिनियर	कार्यलय प्रमुख
६	सिँचाइ प्रणालीको मर्मत सम्भार गर्ने	योजना डिजाइन तथा कार्यान्वयन शाखा	निःशुल्क	वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम	इञ्जिनियर/सब-इञ्जिनियर	कार्यलय प्रमुख
७	नदी नियन्त्रण कार्य	योजना डिजाइन तथा कार्यान्वयन शाखा	निःशुल्क	वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम	इञ्जिनियर/सब-इञ्जिनियर	कार्यलय प्रमुख
८	योजना सम्बन्धी कामको बिल भुक्तानी	योजना डिजाइन तथा कार्यान्वयन शाखा	निःशुल्क	१५ दिन	इञ्जिनियर/सब-इञ्जिनियर	कार्यलय प्रमुख
९	निवेदन दर्ता/सोधपुछ	प्रशासन शाखा	नियमानुसार	तत्काल/नियमानुसार	व.प्र.स./अधिकृत	कार्यलय प्रमुख

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

- प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ र प्रचलित ऐन/नियम अनुसार यस कार्यालयबाट सम्पादन गरिने कार्यहरुको निर्णय गर्ने प्रक्रिया र अधिकार कार्यालय प्रमुखमा निहित हुनेछ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

नाम : सालिक भुसाल पदः डिभिजन इन्जिनियर (कार्यालय प्रमुख) सम्पर्क नं.: ९८५८०५५१७८

कार्यालय प्रमुख

तुल्सिपुर उप महानगरपालिका
भौतिक विकास, ऊर्जा, सिंचाइ तथा वातावरण शाखा
जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
गुलरिया, बर्दिया

९. सम्पादन गरेको कामको विवरण

- डिभिजन मातहतका स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यसम्पादन भएको छ। विस्तृत विवरण बुँदा नं. १२, १३ र १४ मा उल्लेख गरिएको छ।

१०. सूचना अधिकारीको नाम र पद

नाम : चक्करी सार्की पदः प्राविधिक अधिकृत (इरिगेशन) (सूचना अधिकारी) सम्पर्क नं.: ९८५८०४००६२

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको प्रचलित ऐन, नियम, विनियम तथा निर्देशिका बमोजिम।

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कार्यालयको आ.व. २०८३/०८४ असोज मसान्तसम्मको आर्थिक कारोबार निम्न बमोजिम रहेको छः

क्र. सं.	बजेट शिर्षक	सुरुको विनियोजन (रु. हजारमा)	संशोधित विनियोजन (रु. हजारमा)	हालसम्मको खर्च (रु. हजारमा)	वित्तीय प्रगति %	भौतिक प्रगति %
१	चालु	१४,०७४	१४,०७४	२७,०३.५७	१९.२१	२७.३३
२	पूँजीगत (समानीकरण अनुदान)	७६,५००	७६,५००	१७,६४.२४	२.३१	६.३९
क.	मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ	२७,५००	२७,५००	-	-	५.००
ख.	सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार	११,७००	११,७००	-	-	३.००
ग.	जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन	३३,८००	३३,८००	१७,६४.२४	५.२२	१२.२०
घ.	जलासय निर्माण तथा पोखरी संरक्षण	३,५००	३,५००	-	-	५.३६
	कूल जम्मा रकम	९०,५७४	९०,५७४	४४,६७.८१	४.९३	१६.८६

कार्यालय प्रमुख

१३. तोकिए बमोजिमका अन्य विवरण

आ.व. २०८३/०८४ मा समानीकरण अनुदानतर्फ संचालित आयोजनाहरुको स्थिति निम्न बमोजिम रहेको छः

सि. नं.	कार्यक्रमको नाम	कूल आयोजना संख्या	खरिद प्रक्रियामा गएका (अघिल्लो आ.व.)	खरिद प्रक्रियामा गएका (यस आ.व.)	हालसम्म सम्पन्न भएका	कार्यान्वयन हुन नसकेका
१	मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ	११	१	५	०	०
२	सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार	१०	०	०	०	०
३	जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन	१५	०	९	०	०
४	जलासय निर्माण तथा पोखरी संरक्षण	३	०	०	०	०
	समानीकरण जम्मा	३९	१	१४	०	०

१४. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम वा आयोजनाको विवरण (उपलब्धि)

क्र. सं.	कार्यक्रमको नाम	सिंचाइ बाँध/मुहान (वटा)	पक्की नहर/कुलो (कि.मी.)	लिफ्ट सिंचाइ (वटा)	डिप/स्यालो ट्यूववेल (वटा)	पम्प हाउस (वटा)	पाइप लाइनिङ (कि.मी.)	विद्युतिकरण (वटा)	थप सिंचाइ सुविधा पुगेको क्षेत्र (हे.)	सिंचाइ संरचना सुदृढीकरण गरेको क्षेत्र (हे.)	नदी नियन्त्रण -तटबन्ध (कि.मी.)	नदी नियन्त्रणबाट उकास जमिन (हे.)	तटबन्धबाट सुरक्षित घर (संख्या)	तटबन्धबाट सुरक्षित क्षेत्र (हे.)
१	मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सिंचाइ	१	-	-	-	-	-	-	-	-	-	-	-	-
२	सिंचाई आयोजना मर्मत सुधार तथा विस्तार	-	-	-	-	-	-	-	-	-	-	-	-	-
३	जल उत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापन	-	-	-	-	-	-	-	-	-	०.०६९	०.५	११	२
४	जलासय निर्माण तथा पोखरी संरक्षण	-	-	-	-	-	-	-	-	-	-	-	-	-
-	जम्मा	१	-	-	-	-	-	-	-	-	०.०६९	०.५	११	२

१५. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण

- सम्बन्धित मन्त्रालयको वेबलिंकः https://morud.lumbini.gov.np
- डिभिजन कार्यालयको वेबसाइटः https://wriddobardiya.gov.np

कार्यालय प्रमुख

१६. सार्वजनिक निकायमा वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- सूचना वर्गीकरण गरिएको छैन।

१७. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

- मौखिक रुपमा माग भएका सोहि समयमै उपलब्ध गराइएको
- मासिक, त्रैमासिक, बार्षिक प्रगति विवरण सम्बन्धित निकायमा पठाउने गरेको

तयार गर्नेः
चक्करी सार्की
सूचना अधिकारी

प्रमाणित गर्नेः
सालिक भुसाल
कार्यालय प्रमुख